# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ३७
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल असार २४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुहुँदा उहाँले सरकारले असार ५ गते सर्लाहीमा मुठभेडको नाममा निहत्था कुमार पौडेलको हत्या गरेको, सर्लाहीमा बालक अमित राय यादवको क्रसर उद्योगहरुले उत्खननका क्रममा पारेका खाल्डोमा डुबी मृत्यु भएकोमा सर्वसाधारण जनताले सो को विरोधमा प्रदर्शन गर्दा सरकार पक्षले चलाएको गोली लागी सरोज नारायण सिंहको मृत्यु भएको, देशमा शान्ति सुरक्षाको अवस्था दयनीय भएको, सरकारले विषादीयुक्त खाद्यान्नको आयात नरोकी सर्वसाधारणको स्वास्थ्यमा खेलबाड गरेको लगायतका विषयहरुमा सरकारका सम्बन्धित मन्त्रीहरुले सदनमा चित्तबुझ्दो कारण सहितको जवाफ नदिएसम्म प्रमुख प्रतिपक्षी दलले सदन सञ्चालनमा सहयोग गर्न सक्दैन भन्नुभयो ।

तत्पश्चात मा० श्री राजकिशोर यादवले सर्लाही जिल्लाको अवैध क्रसर उद्योगले पारेको खाल्डोमा परी मृत्यु भएको बालकको शव निकाल्न समेत सराकार र स्थानीय प्रशासनले चासो नदेखाएको, भोलीपल्ट सोही घटनाको विरोधमा उत्रिएका जनतामाथि गोली प्रहार गरी सरोज नारायण सिंहको हत्या गरेको, कुमार पौडेलको मुठभेडको नाममा अमानवीय तरिकाले हत्या गरेको, सरकार सदनप्रति जिम्मेवार नभएको, शान्ति सुरक्षाको जिम्मा पाएका अधिकारीहरु माफियासँग मिली घटनामा संलग्नहरुलाई कारवाही नगरी बसेको, विषादीयुक्त खाद्यान्न आयात रोक्ने निर्णयबाट सरकार पछि हटेर जनस्वास्थ्यमा खेलवाड गर्न खोजिएको लगायतका विषयहरुमा सत्य तथ्य जानकारी दिनुपर्ने र लाल आयोगको प्रतिवेदन सार्वजनिक नभएमा राष्ट्रिय जनता पार्टीले आगामी बैठकमा अवरोध गर्न बाध्य हुनेछ भन्नुभयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले सर्लाही जिल्लामा बालक अमित रायको डुबी मृत्यु भएको र सो घटनाको विरोधमा उत्रिएको भीडलाई नियन्त्रण गर्ने क्रममा सुरक्षा निकायको गोली लागी सरोज नारायण सिंहको मृत्यु भएको सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० गृह मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले प्रश्न सोध्नुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री उमा रेग्मी
३. मा० श्री देवेन्द्रराज कंडेल
४. मा० श्री प्रमोद साह
५. मा० श्री डिला सँग्रौला (पंत)
६. मा० श्री मिन बहादुर विश्वकर्म
७. मा० श्री राजकिशोर यादव
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री गगन कुमार थापा
१०. मा० श्री पुष्पा भुसाल (गौतम)
११. मा० श्री मिना पाण्डे
१२. मा० श्री दिलेन्द्र प्रसाद बडू
१३. मा० श्री पार्वता डि.सी. (चौधरी)
१४. मा० श्री महेन्द्र कुमारी लिम्बु
१५. मा० श्री प्रमिला राई

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त प्रश्नहरुको सम्बन्धमा जवाफ दिनुभयो ।

तत्पश्चात प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको अर्को विषयका सम्बन्धमा जवाफ दिनको लागि अर्का मा० मन्त्री उपस्थित हुनुहुन्छ उहाँको कुरा सुनौं भन्नुहुँदा पनि मा० सदस्यहरु उभिइरहनु भएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खांणलाई समय दिनुहुँदा उहाँले मा० गृहमन्त्रीको

जवाफ विरोधाभाषपूर्ण रहेको, घटना र मन्त्रीको जवाफमा तालमेल नदेखिएकोले उक्त घटनाहरुका सम्बन्धमा संसदीय समिति गठन नभएसम्म सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले संसदीय समिति गठन गर्ने सम्बन्धमा सदनमा भएका सम्पूर्ण दलहरुसँग छलफल गरी आवश्यक निर्णय गर्नेछु र सदनको निर्णय समेत मा० गृहमन्त्रीले स्वीकार गर्ने जानकारी समेत गराइसक्नु भएको तर्फ मा० सदस्यहरुको ध्यानाकर्षण गराउनु भयो ।

तदुपरान्त प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई नाराहरु लगाउनु थाल्नुभयो र सोही होहल्लाबीच नियमापत्ति गर्नुहुँदै मा० श्री खगराज अधिकारीले प्रतिनिधि सभा नियमावली, २०७५ मा मा० मन्त्रीले स्पष्टिकरणको जवाफ दिइसकेपछि फेरि प्रश्न गर्न पाइने व्यवस्था नरहेको र मा० सदस्यहरुले कुनै घटनाको सम्बन्धमा व्यक्तिको नाम किटान गरी सदनमा बोल्नुभएको शब्दहरु पनि हटाईयोस् भन्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयलाई गम्भिरतापूर्वक लिइएको र संसदीय समिति गठन गर्ने सम्बन्धमा संसदमा भएका दलहरुसँग आवश्यक परामर्श गर्न समय दिनुहोस् भन्नुहुँदा पनि प्रतिपक्षी दल नेपाली काँग्रेस र राष्ट्रिय जनता पार्टी नेपालका मा० सदस्यहरुले नाराहरु लगाउने क्रम नरोक्नु भएपछि सम्माननीय सभामुखले बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक पन्ध्र मिनेटपछि बस्ने गरी दिनको १२:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै पन्ध्र मिनेटको लागि स्थगित भएको बैठक सूचनापत्र - ४ प्रकाशित गरी २०७६ साल असार २५ गते बुधबार दिनको १:०० बजे बस्नेगरी स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव